नेपाल सरकार
# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

पत्र संख्या :- ०७५/०७६
चलानी .नः

मितिः- २०७५/१२/१८

## कर्मचारी समायोजन गुनासो सम्वन्धी सूचना ।

कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम संघ, प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीहरुले मिति २०७५/१२/२० गते भित्र गुनासो निवेदन दर्ता गरिसक्नु पर्ने व्यहोरा विदितै छ ।कर्मचारी समायोजन गुनासो व्यवस्थापन समितिको सचिवालयमा दर्ता भएका समायोजन सम्वन्धी गुनासो निवेदनहरु वर्गिकरण गरी यस मन्त्रालयका उपसचिवहरुको नेतृत्वमा कार्यटोली बनाई छानविन भएको छ ।उक्त कार्यटोलीले अध्ययन गर्दा दर्ता गरेका निवेदनहरु पुनः फिर्ता माग गरेको पाइएकोले फिर्ता लिन चाहेमा सम्वन्धित कर्मचारी आफै उपस्थित भै गुनासोका लागि निवेदन दिने अन्तिम मिति २०७५ चैत्र २० गतेसम्म फिर्ता लिई सक्ने गरी सूचना प्रकाशन गर्ने कर्मचारी समायोजन गुनासो व्यवस्थापन समितिको मिति २०७५/१२/१७ गतेको बैठकको निर्णय भएकोले सम्वन्धित कर्मचारीहरुले उक्त मितिभित्र गुनासो निवेदन फिर्ता लिन चाहेमा फिर्ता लिई सक्नु पर्ने व्यहोरा सूचित गरिन्छ ।

सहसचिव श्री रुप नारायण भट्टराई
संयोजक
कर्मचारी समायोजन गुनासो व्यवस्थापन समिति